

# तल्लो खारे खोला जलविद्युत खबर

पेनस्टक पाइप विच्छ्याइएको स्थल

वैशाख २०७५, अंक १८

## आयोजनाको हालको निर्माण अवस्था

तल्लो खारे खोला जलविद्युत आयोजनामा हालसम्म हेडवर्कसको डिस्याण्डर वेसिनमा २०३९ घनमिटर स्टोन मेसिनरी वाल लगाइएको छ। यस्तै पर्जिङ्ग क्यानल तथा डिस्याण्डर वेसिनको वालको ढलान गर्ने क्रममा १५५० घनमिटर ढलान भइसकेको छ। साथै, थप ढलान गर्नको लागि डण्डी बाँध्ने कार्य भइरहेको छ । हालसम्म १,६३,९९२ के.जी. डण्डी बाँध्ने कार्य सम्पन्न भइसकेको छ । यसै गरी gravel trap र connecting canal बनाउन आवश्यक excavation गर्ने तयारी भइरहेको छ। इन्टेक तथा undersluice निर्माणका लागि खोलाको धार परिवर्तन गरी जग खन्ने कार्य सम्पन्न भई ढलान भइरहेको छ । त्यसरी ढलान गर्ने क्रममा हालसम्म ४९४ घनमिटर ढलान भएको छ भने फोर-वे निर्माणका लागि ढलान गर्ने कार्य भइरहेको छ ।



निर्माणाधीन डिस्याण्डर वेसिन

हेडवर्क्स तर्फको हाइड्रोमेकानिकल निर्माण कम्पनी क्रिम हाइडेल प्राइभेट लिमिटेडले हेडवर्क्समा आवश्यक गेट तथा स्टपलगको Embedded parts र फ्रेमहरु साइटमा ढुवानी गरिसकेको छ। त्यसरी ढुवानी गरिएको Embedded parts र फ्रेमहरुलाई ढलानमा राखेर ढलान गर्ने कार्य भइरहेको छ । हालसम्म Undersluice, Flushing gates, Trashrack को Embedded parts र Frame हरु राखी ढलान भइसकेको छ । साथै undersluice मा steel राखी ढलान गर्ने कार्य भइरहेको छ ।

नर्थ हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि. द्वारा आयोजना स्थलमा पेनस्टक पाइपको फेब्रिकेशन तथा इरेक्सन गर्ने कार्य भइरहेको छ । कुल १३८७ वटा स्टील पाताहरु मध्ये १०६३ वटा स्टील पाता काट्ने कार्य सकिएको छ ।त्यस्तै, काटिएको स्टील पाता मध्ये ८५१ वटालाई रोल गरी longitudinal welding गरिएको छ । उक्त निर्माण कम्पनीले कुल २१२२.५ मिटर पाइप तयार गरी सकेको छ र त्यसरी तयार गरिएको पाइप मध्ये ११२५ मिटर पाइप विच्छ्याउने स्थलमा लगि रङ्ग लगाउने र पहिलो चरणको परिक्षण भइरहेको छ । साथै त्यसरी रङ्ग लगाई पहिलो चरणको सफल परिक्षण भएका पाइपहरु Erection गरिदै छ । हालसम्म १४८४.५ मिटर पाइप fitting गरिसकिएको छ जसमध्ये ७१० मिटर पाइप erection भई full welding/testing भइसकेको छ ।

पावरहाउसको निर्माण कार्य अगाडी बढाउने क्रममा माउन्टेन इन्फ्रा कम्पनी प्रा.लि. ले पावरहाउसको foundation को लागि आवश्यक excavation सम्पन्न गरि ढलान गर्नको लागि आवश्यक तयारी गरिरहेको छ । पाइपलाइनको सिभिल निर्माण कार्यको लागि मस्डीङ्ग देवि/राप्ती हाईड्रो जे. भि. ले आयोजना स्थलमा ८०० मिटर पेनस्टक पाइप राख्ने ट्रेन्च Excavation गरी पाइप राख्ने कार्य गरिरहेको छ । उक्त निर्माण कम्पनीले Erection सम्पन्न भइसकेको Penstock Pipe को backfilling गर्ने र पाइपको सुरक्षाको लागि gabion लगाउने कार्य गरिरहेको छ । उक्त निर्माण कम्पनीले सुरी खोलामा साइफनको कार्य पनि गरिरहेको छ । साथै, पेनस्टक पाइपको सुरक्षाको लागि ७५० घनमिटरको ग्याबियन वाल पनि लगाइएको छ ।



**Power House Excavation गर्दै**

यस जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत १३२ के. भी. प्रसारण लाइन मार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिने छ । उक्त प्रसारण लाइनको लागि आवश्यक जग्गा खरिद गर्नको लागि टावर रहने जग्गाको नाप-जाँच गर्ने कार्य सम्पन्न भइसकेको छ र टावरको लागि आवश्यक जग्गा खरिद गर्ने कार्य पनि भइरहेको छ । तल्लो खारे खोला जलविद्युत आयोजनाको Electro Mechanical Components अन्तर्गतको पहिलो Consignment (Earthing Mat) र को दोस्रो Consignment (डिजेल जेनेरेटर) आयोजना स्थल पुगिसकेको छ । साथै Electro Mechanical निर्माण कम्पनीले Earthing Mat राख्ने कार्य गरिरहेको छ ।




**Electro Mechanical कम्पनीले Supply गरेको डिजेल जेनेरेटर**



**हेडवर्कस क्षेत्र**

सम्पादक: पार्वती पराजुली

युनिभर्सल पावर कम्पनी लिमिटेड

त्रिपुरेश्वर ,काठमाडौं

फोन नं: ९७७-१-४१०१०९७, ४२५१४६३,

ईमेल :info@universalpowercompany.com.np

वेबसाइट : www.universalpowercompany.com.np